# उच्चस्तरीय सरकारी खर्च आयोग

## २०६१

# अन्तिम प्रतिवेदन

श्री ५ को सरकार

**उच्चस्तरीय सरकारी खर्च आयोग**

अनामनगर, काठमाडौं

१५ जेठ २०६२

# उच्चस्तरीय सरकारी खर्च आयोग, २०६१ का पदाधिकारीहरू

| | | |
|---|---|---|
| १. | डा. विश्वम्भर प्याकुर्‍याल | अध्यक्ष |
| २. | डा. विनायक भद्रा | सदस्य |
| ३. | डा. माधव प्रसाद घिमिरे *<br>(महालेखा नियन्त्रक) | सदस्य |
| | श्री पुष्पराज उपाध्याय **<br>(निमित्त महालेखा नियन्त्रक) | सदस्य |
| ४. | श्री केशवप्रसाद आचार्य | सदस्य |
| ५. | श्री तीर्थराज उपाध्याय<br>(अध्यक्ष, नेपाल लेखामान बोर्ड) | सदस्य |
| ६. | श्री कौशलेन्द्र कुमार सिंह | सदस्य |
| ७. | श्री रविशंकर सैंजू | सदस्य सचिव |

*नोट :*   ** ०६१/११/२४ देखि*

*** ०६१/११/५ देखि ०६१/११/२३ सम्म*

# भूमिका

सरकारी खर्च व्यवस्थापनका महत्त्वपूर्ण पक्षहरूको विश्लेषण र तिनमा आवश्यक सुधार ल्याउन श्री ५ को सरकारले लिनुपर्ने नीतिको सम्बन्धमा सुझाव सिफारिस गर्न मन्त्रीपरिषद्को निर्णयद्वारा गठित यस उच्चस्तरीय सरकारी खर्च आयोगले आफूलाई यो महत्त्वपूर्ण जिम्मेवारी प्रदान गरेकोमा श्री ५ को सरकारप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछ ।

सहस्राब्दी विकास लक्ष्य र दशौं योजना (२००२-२००७) ले ताकेको विकास हासिल गर्न आवश्यक साधन र आन्तरिक द्वन्द्व उत्प्रेरित बढ्दो सुरक्षा खर्च, साँवा व्याज भुक्तानी, बढ्दो तलब, संचय कोष, पेन्सन लगायतको निम्ति निरन्तर बढिरहेको चालु खर्चले एकातर्फ सरकारी खर्चको माग पक्ष आकासिँदै छ भने द्वन्द्वका कारण खुम्चिँदै र भत्किँदै गएको सरकारी आय आर्जनको आधारशीला एवं खस्कदो बैदेशिक प्रत्यक्ष लगानी एवं आयोजना कार्यान्वयनको अप्ठेरो वातावरण र न्यून उपलब्धीको कारण हतोत्साहित बैदेशिक सहायताको पृष्ठभूमीमा सरकारी खर्चको पूर्ति पक्ष बाउन्निदै गएको छ । माग र आपूर्ति बीचको ठूलो असन्तुलनको यो घडिमा यस अध्ययनबाट सरकारी खर्चलाई स्पष्ट प्राथमिकता प्राप्त क्षेत्रमा विनियोजित गर्नु, साधारण एवं विकास प्रशासनलाई मितव्ययी बनाउनु र प्रति इकाई सार्वजनिक सेवा वा वस्तुको लागत घटाउने तर्फ केन्द्रित गर्नु पर्दछ । यसको साथै सुशासनको माध्यमबाट कार्यक्रमलाई समावेशी र पारदर्शी बनाई मुलुकको मानवीय, वित्तीय एवं भौतिक साधनलाई प्रभावकारी ढंगबाट उपयोग मार्फत अर्थ व्यवस्थालाई सकारात्मक दिशातिर लग्न सक्ने विकल्प पनि देखिएको छ । यस प्रतिवेदनले राज्यको सामाजिक उत्तरदायित्वमा कमी नआउने गरी आर्थिक दायित्व घटाउँदै लान र सरकारी खर्चको उत्पादकत्व र लक्षित प्रतिफल बढाउन विभिन्न सुझावहरू सिफारिश गरेको छ ।

यस अध्ययन प्रतिवेदन तयार गर्ने क्रममा श्री ५ को सरकारका विभिन्न निकायहरू खास गरेर अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग, महालेखा नियन्त्रक कार्यालयले प्रदान गरेको भौतिक, प्राविधिक एवं वौद्धिक सहयोगको निम्ति आयोगको तर्फबाट हार्दिक धन्यवाद दिन चाहन्छु ।

आयोगले प्रतिवेदनको निर्माण बढी सहभागितामूलक होस् र यसको स्वामित्वमा आम सरोकारवालाहरूको दावी रहन सकोस् भन्ने हेतुले विभिन्न निकाय र क्षेत्रका संस्थागत एवं व्यक्तिगत व्यक्तित्वहरूसँग परामर्श गरेको थियो । परामर्शका क्रममा महत्त्वपूर्ण सुझावहरू प्रदान गर्नुहुने सरकारी निकाय, संस्थान, स्वायत्त संस्था, विश्वविद्यालय, क्षेत्रीय तथा स्थानीय प्रशासन, पत्रकार तथा नागरिक समाजका प्रतिनिधिहरूहरूलाई आयोग धन्यवाद दिन चाहन्छ ।

आयोगको काममा निरन्तर क्रियाशील आयोगका सदस्यहरू, सदस्य सचिव तथा विषय विज्ञहरू र सचिवालयका सम्पूर्ण कर्मचारीहरू प्रति पनि वहाँहरूको सामुहिक एवं व्यक्तिगत सक्रिय योगदानको निम्ति आयोग हार्दिक धन्यवाद दिन चाहन्छ ।

अन्त्यमा व्यवहारिक कार्ययोजना निर्माण गरी आयोगका सुझावहरू प्राथमिकताका आधारमा समयबद्ध रूपमा कार्यान्वयन गर्दै लगेमा सरकारी खर्च व्यवस्थापन बढी प्रभावकारी हुनेछ र हाम्रो सामुहिक प्रयासले मुलुक र आम जनता लाभान्वित हुनेछन् भन्नेमा आयोग विश्वस्त रहेको छ ।

**प्रा.डा. विश्वम्भर प्याकुर्‍याल**

अध्यक्ष

# प्रतिवेदनको सार

*अपेक्षित रूपमा राजस्व बढ्न नसकेको तर सुरक्षा, आधारभूत सेवा, विकास खर्च तथा ऋण मोचन जस्ता क्षेत्रहरूको लागि चालु खर्च तीव्र गतिमा बढि रहेको परिप्रेक्ष्यमा खर्च व्यवस्थापनमा सुधार गरी अनावश्यक खर्च कटाउँदै लैजानु आजको टडकारो आबश्यकता हो । प्रस्तुत अध्ययन यही उदेश्य प्राप्ति प्रति परिलक्षित छ । विगतमा गठन गरिएका आयोगका प्रतिवेदनहरूले सुधारका थुप्रै सिफारिसहरू निक्यौल गरेकोले तिनीहरूलाई सम्भावना भएका क्षेत्रहरूमा तुरून्त कार्यान्वयन गर्न सके लगानीमा प्रभावकारिता बढाउन सकिने देखिन्छ । खर्चलाई ब्यवस्थित गर्न आयोजना छनौट र प्राथमिकीकरणमा ब्यवसायिकता अपनाउनु पर्ने देखिन्छ । सम्भाब्यता अध्ययन गरिसकेको तथा स्थानीय निकायको आवश्यकता अनुरूपको परियोजनाहरू बढि प्रतिफलमुखी हुने हुनाले यिनीहरूलाई मात्र बजेटमा समावेश गर्नु पर्ने सिफारिश गरिएको छ । सम्पूर्ण खर्च बर्तमानको आवश्यकता मात्र विचार नगरी भविष्यमा हुन सक्ने भार तथा असर समेतलाई विचार गरी समाहित गरिनु पर्दछ । वैदेशिक सहायतालाइ दीर्घकालीन रूपमा कम गर्दै लाने र हाल यसको सदुपयोगको मात्रा बढ्ने गरी खर्चको विनियोजन गर्दा गरिवी निवारण रणनीति पत्रका चार आधारशीलाहरू, सहश्राब्दी विकास लक्ष्य, लैङ्गिक, पिछडिएको जनजाती र क्षेत्रलाई समेत समाहित गर्ने तथा तल्लो तहमा अधिकांश विनियोजित रकम पुग्ने वातावरण तयार गरिनु पर्दछ । साथै श्री ५ को सरकारको वर्तमान लेखा प्रणालीले उपयुक्त अभिलेख पनि राख्न नसकेकोले दायित्व, खूद सम्पत्ति र भविष्यमा सिर्जना गर्न सक्ने थप लागत पहिचान गर्ने प्रणाली नभएको हुँदा प्रोदभावी लेखा प्रणालीमा क्रमशः रूपान्तर गर्दै लानुपर्ने, वित्तीय प्रतिवेदनहरू स्पष्ट तथा पारदर्शी बनाउनुपर्ने तथा लेखामानको आधारमा लेखा राख्ने नीति अख्तियार गरिनुपर्ने सिफारिस गरिएको छ । सार्वजनिक संस्थानले थप दायित्व सिर्जना गर्दै आएको सम्बन्धमा निजीकरण गरेर अथवा वर्तमान स्थितिमै तात्विक सुधार गरेर मात्र समस्या समाधान हुन कठिन भएकोले थप दायित्व सिर्जना हुने कुनै पनि क्रियाकलाप रोक्न तुरून्तै पाइला चलाउन आवश्यक देखिएको छ । सुशासन विना यी सबै लक्ष हासिल गर्न नसकिने हुँदा आर्थिक सुशासनलाई प्रभावकारी गर्न उत्तरदायित्व र जिम्मेवारीको स्पष्टता, बेरूजु फछ्र्योट गर्ने उपाय तथा सुशासनलाई सुदृढिकरण गर्नको लागी उचित संस्थागत व्यवस्था लागू गरिएमा अहिलेकै खर्चको रकमको प्रवृतिले पनि बढी प्रतिफल र प्रभाव हासिल गर्न सकिनेछ । यिनै कुरालाई दृष्टिगत गरी अध्ययन प्रतिवेदनले अन्तर्राष्ट्रिय मान्यता अनुरूपका लेखाप्रणाली तथा लेखा नीतिको प्रारूप सिफारिश गरेको छ । यस अर्थमा प्रतिवेदनले पहिलो पटक सरकारी खर्च ब्यवस्थापन नीतिको मार्गचित्र* (Road map) *सिफारिश गर्ने प्रयास गरेको छ ।*